# शैल्यशिखर नगरपालिकाको
# आ.ब. २०७७/०७८ को
# बार्षिक नीति तथा कार्यक्रम

अमरसिह धामी
नगर प्रमुख
शैल्यशिखर नगरपालिका
गोकुलेश्वर दार्चुला

Generated by CamScanner from intsig.com

शैल्यशिखर नगरपालिकाको आठौं नगरसभाको नीति तथा कार्यक्रम सार्वजनिकरण सत्रमा उपस्थित शैल्यशिखर नगरपालिकाका उप-प्रमुखज्यू, शैल्यशिखर नगरपालिकाका ९ वटै वडाका वडा अध्यक्षज्यूहरु, नगर कार्यपालिकाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, नगरसभाका सदस्य ज्यू, सुरक्षा निकायका प्रमुखज्यू, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, भुतपूर्व जनप्रतिनिधिज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सल्लाहकार, सञ्चारकर्मी, कर्मचारी लगायत सम्पूर्ण शैल्यशिखर नगरवासी आदरणीय आमावुवा, दाजुभाइ तथा दिदीवहिनिहरु यस शैल्यशिखर नगरपालिकाको आ.व. २०७७/२०७८ को नीति तथा कार्यक्रम यस गरिमायम सभा समक्ष प्रस्तुत गर्न पाँउदा म गौरवान्वित भएको छु । साथै बिगत जस्तै ठूलो भेला तथा सबै सामु कार्यक्रम गर्न विश्वमा महामारीको रुपमा रहेको कोभिड १९ ले गर्दा पर्न गएको असरले प्रस्तुत गर्न नपाउदा दुखी पनि भएको छु । कोभिड १९ रोगबाट संक्रमितको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै कोभिड १९ को रोकथाम तथा नियन्त्रण गर्ने प्रकृयामा सरकारले लिने नीतिगत निर्णयको हामी सबैबाट परिपालना भइरहने छ भन्ने कुरामा विश्वस्त छु । र भौतिक दूरी कायम गर्दै आफू सुरक्षित रहन र अरुलाई पनि सुरक्षित राख्न हार्दिक अनुरोध गर्दछु । कोभिड १९ संक्रमणमा अहोरात्र खटिरहेका राष्टसेवक कर्मचारीहरु, स्वास्थ्यकर्मीहरु, एम्बुलेन्स चालक, स्वयम् सेवक र सुरक्षा निकायप्रति उच्च सम्मान व्यक्त गर्दछु । स्थानीय सरकार नेपाली जनताको त्याग बलिदान तथा लामो संघर्षको उपलव्धी हो बलिदानीपूर्ण संघर्षबाट प्राप्त र ऐतिहासिक संविधानसभाबाट जारी भएको नेपालको संविधान अनुसार स्थापित स्थानीय तहको अधिकारहरुलाई कार्यरुप दिदै अगाडि बढिरहेको छ । यस अवसरमा लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि लामो संघर्ष एव जनयुद्ध, जनआन्दोलन, मधेश , लगायतका आन्दोलनका, क्रममा आफ्नो अमूल्य जीवन बलिदान दिनु हुने सम्पूर्ण ज्ञात, अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । राजनीतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आभार प्रकट गर्दछु । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिको रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नशील रहेको छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सम्पूर्ण शैल्यशिखर नगरबासीले गर्न सकुन भन्नेमा म अत्यन्त सचेत छु । नगरपालिकाको भौगोलिक सामाजिक आर्थिक विविधता तथा सास्कृतिक एकतालाई आत्मसात गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढन योजनाबद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु हुनुपर्छ भन्नेमा नगरपालिका प्रतिवद्ध छ । संघीय सरकारले अगालेको "समृद्ध नेपाल सुखी नेपाली" भन्ने नारामा आधारित जनउत्तरदायी पारदर्शी मेहनती र सहयोगी संयन्त्रबाटनै समृद्धी हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई मार्ग दर्शनका रुपमा ग्रहण गरेको छु । नेपालको संविधानको अधिनमा रही स्थानीय सरकारलाई सार्थक समृद्ध र सक्षम एवम् सफलीभूत बनाउन आर्थिक वर्ष २०७७/७८को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित सभा समक्ष उपस्थित भएको छु । आदरणीय दाजु भाई दिदि बहिनीहरु अव म शैल्यशिखर नगरपालिकामा कोभिड १९ बाट परिरहेको प्रभाव एवम विदेश तथा मित्र राष्ट भारतबाट रोजगार गुमाइ फर्किनु भएका दाजुभाई तथा दिदि बहिनीहरुको बेरोजगारी समस्याका बीच पनि विकासका प्रमुख संभावना अवसर समस्या तथा चुनौतिहरु संक्षेपमा प्रस्तुत गर्न चाहान्छु । नगरपालिकाले गरेको विकास सम्वन्धी विगतका प्रयास तथा उपलव्धीहरुको मूल्याकन तथा समिक्षा गर्दै नगरपालिकाको समष्टिगत सामाजिक आर्थिक विकास सम्बन्धि नेपालको सविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम शैल्यशिखर नगरपालिकाको आठौं नगर सभामा आव २०७७/२०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।



Generated by CamScanner from intsig.com

अब म आव२०७७/२०७८ मा नगर क्षेत्रको सर्वोत्तम हित तथा समृद्धि र कोरोना माहामारीबाट लागेको घाउमा मल्हम लगाउन र यसका कारण अर्थतन्त्रमा आएको शिथिलताबाट राहत प्रदान गर्न र रोजगारीका अवसरहरु बढाउन अबलम्बन गरिने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. मूलभूत नीतिहरु

- स्थानीय तहको लागि संविधानले निर्दिष्ट गरेका अधिकारको सूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ अन्तर्गत रही आवश्यक नीति,योजना, ऐन,कानून, कार्यविधि र मापदण्ड लगायतका कानून बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।
- विकास योजनाहरु बनाउदा स्वास्थ्य,कृषि र रोजगारी सृजना हुने खालका कार्यक्रमहरुलाई प्राथमिकता दिइने नीति लिइने छ ।
- हाल अभ्यासमा रहेका योजना तर्जुमा विधि र प्रक्रिया अनुरुप गाउँ टोल भेलाको आयोजना गर्न स्वास्थ्यं सुरक्षाको दृष्टिकोणले जोखिमपूर्ण हुने देखिएकोले नागरिक सहभागिताका वैकल्पिक उपायहरु अवलम्वन गरिनेछ ।
- कोभिड(१९संक्रमणको कारण आइसोलेसन क्वारेन्टाइन व्यवस्थापन राहत वितरण सचेतना कार्यक्रम सूचना तथा तथ्याक संकलन तथा संप्रेशण जस्ता कार्यक्रमहरुलाई प्राथिमिकता दिइनेछ ।
- बजेट विनियोजन गर्दा बहुवर्षिय आयोजना तथा चालू आर्थिक वर्षका अधुरा योजनाहरुलाई सम्पन्न गर्न प्राथमिकता दिइनेछ ।
- स्वास्थ्य सेवालाई पँहुच योग्य बनाउन स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने कार्यलाई प्राथिमिकता दिइनेछ ।
- गोकुलेश्वर अस्पतालमा शल्यक्रिया सेवालाई पुन: संचालनमा ल्याइनेछ ।
- स्वास्थ्य क्षेत्रमा भौतिक निर्माण स्वास्थ्य जन्य उपकरण खरिद तथा जनशक्तिको क्षमता अभिवृद्धिलाई प्राथिमिकाताका साथ कार्यान्वयनमा ल्याइनेछ ।
- योजना कार्यान्वयन गर्दा उपभोक्ता समिति मार्फत तथा साझेदारीतामा आधारित भइ कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- महिला,वालवालिका,दलित,अपागता भएका व्यक्ति,जेष्ठ नागरिक लगायतका लक्षित वर्गको सशक्तिकरण,विकास,संरक्षण तथा उत्थान गर्ने नीति लिइनेछ ।
- नगरपालिकाको आन्तरिक उत्पादन बढाउन करका दर भन्दा दायरा बढाउने र कर संकलनमा कठोर नीति अवलम्वन गरिनेछ ।
- आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रम मुलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरुको छनौट गरिने नीति लिइनेछ ।
- संक्रमणको जोखिम रहदा सम्म अशक्त असहाय एव आर्थिक रुपले विपन्न गर्भवती महिला जेष्ठ नागरिकहरुलाई राहत कार्यक्रमको लागि बजेटको व्यवस्था गरिनेछ ।
- कोभिड(१९) मा स्थानीय तहमा खटिने स्वास्थ्य कर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्रीहरुको अभाव हुन नदिने नीति लिइनेछ ।



Generated by CamScanner from intsig.com

- एम्बुलेन्स सेवालाई चौविसै घण्टा सञ्चालन हुने गरी तयारी हालतमा राख्न व्यवस्था मिलाईनेछ ।
- कोभिड(१९) का कारण जोखिममा परेका वर्ग समुदाय र क्षेत्रका नागरिकहरुलाई मनोपरामर्श सेवा आवश्यक पर्ने भएमा आवश्यक व्यवस्था मिलाइने छ ।
- यसै आ.व.मा सववाहन तथा दमकल खरिद प्रकृया अगाडि बढाइनेछ।
- यस नगरपालिकाका सबै वडा कार्यालयहरु लगायत कार्यालयका सम्पुर्ण शाखाहरुलाई इन्टरनेट तथा सफ्टवेयर मार्फत सुविधा सम्पन्न बनाइने छ ।
- न्यायिक कार्यविधि पास भए बमोजिम न्यायिक समितिलाई शशक्त बनाउन तालिम अवलोकन आदिलाई निरन्तरता दिईने छ ।
- कोभिड १९ को कार्यविधिलाई पारित गर्ने निर्णय गरिनेछ ।

२. अन्य नीतिहरु

- उपभोक्ता समिति मार्फत संचालन हुने योजनामा कम्तिमा पनि २० प्रतिशत जनश्रमदान गर्नु पर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- वडा कार्यालयको क्षमता अभिवृद्धि गर्दै वडा कार्यालयबाट प्रदान गरिने सेवालाई प्रभावकारी वनाइनेछ ।
- सेवा ग्राहीका गुनासा सुझावहरुलाई प्राथमिकताका साथ संवोधन गरिनेछ ।
- विद्युतीय शासन मैत्री सेवा प्रवाहलाई अझ वढी प्रभावकारी वनाउदै लगिनेछ ।
- नागरिकको सूचनाको हकको सम्मान गरिने छ । र स्वतस्फूर्त रुपमा सूचना प्रवाह गरिने छ । र स्थानीय भाषामा सूचना प्रवाह गर्ने व्यवस्था समेत गरिनेछ ।
- शासन विकास र सेवा प्रवाहमा पारदर्शिता र जवाफ देहिता कायम गरिनेछ ।
- जनताको आवाज र त्यस प्रतिको उत्तर दायित्वलाई ध्यान दिइनेछ ।
- स्थानीय श्रोत साधनको उपयोगमा प्राथिमकता दिइनेछ ।
- सार्वजनिक सम्पत्तीको संरक्षण गरिने छ । र प्रयोगमा मितव्ययीता अपनाइनेछ ।
- वस्तु तथा सेवा खरिदमा स्थानीय स्तरमा उपलव्ध वस्तु तथा सेवालाई प्राथमिकता दिइनेछ ।
- सामाजिक परिचालन मार्फत सामाजिक आर्थिक रुपान्तरण गर्ने नीति लिइनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजनालाइ प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण शाखालाइ स्रोतसाधन सम्मपन्न बनाइनेछ ।
- नगरपालिकाका मुख्य प्रवेशद्वारहरुमा स्वागत गेटहरु निर्माण गरिनेछ ।

३ क्षेत्र गत नीति तथा कार्यक्रमहरु

क. सामाजिक(शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई)क्षेत्रसंग सम्वन्धित

- गोकुलेश्वर अस्पातल तथा वडाका स्वास्थ्य चौकी तथा स्वास्थ्य एकाइबाट प्रदान गरिने खोप सेवा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी उपकरण तथा स्वास्थ्य सामाग्रीको स्वास्थ्य जनशक्ति व्यवस्थापन सम्वन्धमा आवश्यकता अनुसार थप गर्दै लैजाने र साविकमा कार्यरत स्वास्थ्य कर्मीहरुलाई प्रचलित तलवमान अनुसार तलव दिइने नीति लिइनेछ ।
- गोकुलेश्वर अस्पतालको अप्रेशन थिएटरलाई थप सुविधा सम्पन्न गरिनेछ । र तत्कालका लागि प्रिफेकबाट निर्मित वार्ड निर्माण गरिनेछ ।
- गोकुलेश्वर अस्पतालमा लिफ्ट मार्फत पानीको व्यवस्था गरिनेछ ।
- लासघरलाई अन्यन्त्र सारी व्यवस्थापन गरिनेछ ।
- गोकुलेश्वर अस्पताल लगायत अन्य स्वास्थ्य संस्थाहरुमा आवश्यकता अनुसार थप स्वास्थ्यकर्मी तथा जनशक्तिको व्यवस्था गर्दै लगिनेछ । साथै विशेष अवस्थामा स्वास्थ्य सम्वन्धि प्राविधिक तथा प्रशासनिक कर्मचारीहरु आवश्यकताको आधारमा स्वास्थ्य संयोजकको सिफारिसमा नगर प्रमुख वा नगरकार्यपालिकाको निर्णय अनुसार पदपुर्ति गर्न सकिने व्यवस्था गरिनेछ ।
- नगर क्षेत्र भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा सोलार वा जलविद्युतको उपयोग गरी कम्प्युटर प्रिन्टरको व्यवस्था गर्नुका साथै इन्टरनेट मार्फत सुविधा सम्पन्न बनाइनेछ ।
- गाउँघर क्लिनिक,वर्थिङ सेन्टर र खोप केन्द्रहरु थप निर्माण तथा मर्मत गरिनेछ ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई दिइदैगरेको यातायात खर्च निरन्तरता तथा थप गरिनेछ ।
- अभाव हुन नदिने नीति अख्तियार गरिनेछ ।
- गोकुलेश्वर अस्पतालमा दरवन्दी अनुसार रिक्त रहेका डाक्टर नर्स तथा पारामेडीक्स र करारमा पदपुर्ति गर्ने र सोका लागि आवश्यक वित्तीय व्यवस्थापन नगरपालिकाले गर्ने छ ।
- खोप सुरक्षित मातृत्व प्रजनन स्वास्थ्य पोषण जस्ता जनस्वास्थ्य संग सम्वन्धित आधारभूत सेवा सुविधालाई प्रभावकारि वनाउन स्वास्थ्य स्वयम सेविकाहरुलाई परिचालन गर्ने नीति लिइनेछ ।
- महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई स्वास्थ्य विमा कार्यक्रममा सहभागी बनाइनेछ ।
- गोकुलेश्वर अस्पतालमा रहने गरी एम्वुलेन्स खरिद गरिनेछ ।
- नगरभित्रका गाउ वस्तिहरुमा स्वास्थ्य शिविरलाइ निरन्तरता दिइनेछ ।
- विद्यालयहरुमा स्वास्थ्य शिक्षा सम्वन्धी सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- नगरक्षेत्रभित्र अवस्थित गोकुलेश्वर अस्पताल तथा स्वास्थ्य संस्थामा करारमा कार्यरत कर्मचारीहरुको स्रोतले भ्याएसम्म तलवभत्ता वृद्धि गरिनेछ ।
- स्वास्थ्यक्षेत्रमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि अध्ययन तथा तालिमका अवसरहरुको व्यवस्था मिलाइनेछ ।
- चारपटक गर्भजाँच गर्ने गर्भवती महिलालाई नगरप्रमुख प्रोत्साहन यतायात खर्च दिइनेछ ।
- लामो समय सम्म विद्यालय वन्द रहेको अवस्थामा पठनपाठनका वैकल्पिक विधिको अवलम्वनको नीति लिइनेछ ।
- वडा कार्यालयहरुमा नगर कार्यपालिकाको कार्यालयमा र विद्यालय लगायत अन्य सार्वजनिक भवनहरुमा सामाजिक दुरी कायम् रहेने गरि सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ । साथै



Generated by CamScanner from intsig.com

सरसफाइका लागी सौचालयहरुको निर्माण मर्मत सम्भार तथा सरसफाइ गर्ने र हातधुनपानीको व्यवस्था वा सेनिटाइजर अनिवार्य राख्नुपर्ने व्यवस्था मिलाईनेछ ।

- स्थानीय जनसमुदायलाई सरसफाइ तथा सामाजिक दुरी कायम गर्न यस सम्वन्धि जनचेतना जगाउने कार्यक्रमहरु संचालन गरिने छन ।
- मौलिक र दोषरहित आयुर्वेद चिकित्सालाई अझ वढी सक्षम सुदृढ सेवामुलक र जनमुखी बनाउदै आयुर्वेद तथा योग सेवालाई सर्वसुलभ तरिकाले जनस्तर सम्म पुर्याउने नीति लिइनेछ ।
- विश्व महामारीको रुपमा फैलिएको कोभिड (१९ भाइरसको विरुदमा खोप तथा औषधी पत्ता लागि नसकेको वर्तमान अवस्थामा रोग प्रतिरोधात्मक क्षमता बढाउन आयुर्वेदिक औषधी तथा जटिवुटी प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।
- शिक्षा विपत व्यवस्थापन राहतकोषको व्यवस्था गरिनेछ ।
- शिक्षक सिकाई सहायता अनुदान बाट तलब खाने शिक्षकहरुको तलव नगरपालिकाबाट व्यवस्था गरिने निति लिइनेछ ।
- विद्यालय बाहिर रहेका वस्तिहरुमा स्थापना गरेका शिशु कक्षाहरुका लागि कक्षाकोठा तथा शैक्षिक सामाग्रीहरुको व्यवस्था गरिनेछ ।
- नगर शिक्षकको तलव वृद्धि तथा विद्यार्थी शिक्षक अनुपान अनुसार दरवन्दी मिलान प्रकृया अगाडी वढाइने छ ।
- गोकुलेश्वर बहुमुखी क्याम्पसलाई नगरपालिकाको तर्फबाट आर्थिक तथा भौतिक सहयोग उपलव्ध गराइनेछ ।
- सामुदायिक विद्यालयहरुलाई प्राविधिक शिक्षालयको रुपमा विकास गर्न विशेष जोड दिइनेछ ।
- सामुदायिक सिकाइ केन्द्र (CLC) लाई व्यवस्थित गरिनेछ ।

**ख.आर्थिक विकास( कृषि उद्योग वाणिज्य तथा पर्यटन)सम्वन्धी नीति तथा कार्यक्रम**

- कृषिमा आधुनिकीकरण वैज्ञानिकीकरण व्यवसायिकरण तथा विविधिकारण गर्न नीति लिइनेछ ।
- कृषि उपज तथा कृषि जन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशीलताको प्रवर्द्धन गर्न मल बीउ कीटनाशक औषधीको उपलव्धता उत्पादित बस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजीकरण गर्न र सिचाई सुविधा प्रवर्द्धन हुने कार्यक्रम संचालन गरिनेछ ।
- बाँझो जमिनमा उत्पादन सुरु गर्ने कृषकलाई विशेष सहुलियत प्रदान गरिनेछ ।
- संघ,प्रदेश सरकारसंग साझेदारितामा कोल्ड स्टोर संकलन केन्द्र निर्माण तथा व्लाकपकेटका कार्यक्रमहरु संचालन गरिनेछ ।
- अगुवा कृषकहरुलाई पुरुस्कृत गर्ने नीति अवलम्वन गरिनेछ ।
- कृषकहरुको क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिनेछ ।
- नगरपालिकालाई उत्पादनका आधारमा पकेट क्षेत्रमा विभाजन गरि सोहि अनुरुप एकीकृत खेतीका लागि प्रोत्साहित गरिनेछ ।



Generated by CamScanner from intsig.com

- माछापालन तथा कुखुरा पालन गर्ने कृषकलाई अनुदान दिइनेछ।
- किसानको लागत मुल्यप्राप्तिको सुनिश्चितताको लागि कृषि तथा पशु विमा कार्यक्रमहरुलाई प्रोत्साहित गर्न नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिनेछ ।
- बैदेशिक रोजगारीबाट फर्केका युवाहरुले व्यवसायिक कृषि खेती गर्न चाहेमा सहुलियत तथा प्राविधिक सेवा उपलव्ध गराइनेछ ।
- यस नगरपालिका भित्र रहेका बाँझो जग्गाहरुको एकीकृत तथ्याक संकलन गरी सो को पूर्ण उपयोगको व्यवस्था मिलाउन भुमि बैकको अवधारणा कार्यान्वयनमा सहजिकरण गरिनेछ ।
- उन्नत जातका बाखापालन गर्ने किसानहरुलाई अनुदान उपलव्ध गराइनेछ ।
- स्थानीय कच्चापदार्थमा आधरित लघु तथा घरेलु उद्यमहरुको प्रवर्धन गर्न सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी कार्यक्रमहरु तर्जुनमा गरिनेछ ।
- पशु पक्षिमा लाग्ने विभिन्न सरुवा रोग तथा महामरी नियन्त्रण एव रोकथाम को लागि न पा भित्र ९ वटै वडा अन्तर्गत मौसमी खोप सेवा सञ्चालन गरिनेछ ।
- पशु स्वास्थ्य उपचार सेवालाई प्रभावकारी एव व्यवस्थित वनाउन नगरपालिकाका ९ वटै वडा अन्तर्गत सेवा उपकेन्द्र कार्यालय स्थापना गरी प्रत्येक वडामा पशुनियन्त्रण गर्ने खोर निर्माण गरिनेछ ।
- उन्नत जातको पशु पंक्षी प्रतिस्थापन पशु आहार व्यवस्थापन आधुनिक गोठ व्यवस्थापन तथा बहु उद्देशिय डाले घास नर्सरी स्थापना गरिनेछ ।
- पशु हाट बजार दुध संकलन केन्द्र डेरी उद्योग लाई लागत साझेदारीमा संचालन गरी नगर लाई पशुजन्य पदार्थको मग आपुर्तीमा आत्मनिर्भर बनाउन आवश्यक नीति लिइनेछ ।
- नीजि लगानीमा संचालित फर्मर,उद्योग र मासु पसललाई व्यवस्थित गर्न ५० प्रतिशत अनुदान दिने कार्यलाई निरन्तरता दिइनेछ ।
- जनचेतना एवम क्षमता अभिवृद्धि गर्न प्राविधिकरकृषक स्तरीय तालिम र सेमिनार गोष्ठिहरु आयोजना गर्ने नीति लिइनेछ ।
- पर्यटन प्रवर्दनमा टेवा पुर्याउन विशेष जोड दिइनेछ ।
- नगरपालिकाका सार्वजनिक स्थलहरुमा सार्वजनिक सौचालय निर्माण गरिनेछ ।
- फोहरमैला व्यवस्थापनका लागि डम्पिङ साईटको व्यवस्थापन गरिनेछ ।
- यसै आर्थिक वर्षभित्र वडा न ९ अन्तर्गत बजार क्षेत्रभित्र सुविधा सम्पन्न वसपार्कको निर्माण कार्य अगाडी बढाइनेछ ।
- शैल्यशिखर धाम जगतपूरि धाम तथा अन्य धार्मिक सास्कृतिक सम्पदाहरुको लागि विशेष कार्यक्रम ल्याइनेछ ।
- शैल्यशिखर नगरपालिका भित्र खेलमैदानहरु निर्माणको लागि सम्भाव्याता अध्ययन गरि निर्माण कार्यमा जोड दिइने छ ।
- गोकुलेश्वर विमानस्थललाई संचालनमा ल्याउन आवश्यक पहल गरिने छ ।
- नगरपालिका क्षेत्र भित्रको लागि नगर बस संचालनमा ल्याईने छ ।



Generated by CamScanner from intsig.com

## ग.वातावरण तथा विपद व्यवस्थापन सम्वन्धी

- कोभिड(१९बाहेकका विपदहरुको रोक थाम तथा न्युनिकरणको लागि पुर्व तयारी प्रतिकार्य र पुर्नलाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।
- स्थानीय पूर्वाधार निर्माणका क्रियाकलापहरु संचालन गर्दा विपद जोखिम संवेदनशीलतालाई केन्द्र विन्दुमा राखी कार्यान्वियन गर्न सघाउ पुग्ने गरी डिजायन इस्टिमेट तयार गर्ने नीति लिइनेछ ।

## घ. लक्षित कार्यक्रमहरु

- लक्षित समूह विकास कार्यक्रमलाइ प्राथिमकतामा राखी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।
- महिला आदि वासी जनजाती दलित आर्थिक तथा सामाजिक रुपल पिछडिएका वर्ग समुदायहरुको सशक्ति करणका लागि लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।
- युवा स्वरोजगार सम्वन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
- वादी समुदायको संरक्षण सशक्ति करण विकास र उत्थानका लागि बादी समुदाय लक्षित सीप मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- लागु औषध दुर्वेयसनी सम्वन्धी जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुरक्षित मातृशिशुको उपमेयर कोशेली कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- घरेलु हिंसा तथा हिँसा पीडित महिलाहरुका लागि विशेष कार्यक्रमहरु संचालन गरिनेछन ।
- लैगिक हिंसा निवारण कोषलाई प्रभावकारी रुपमा संचालनमा ल्याइनेछ ।
- मध्यम तथा सामान्य अपाङता भएका व्यक्तिहरुका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- अनाथ वालबालिका तथा ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

## ङ. सुशासन तथा संस्थागत विकास सम्वन्धीः

- कार्यपालिकाको कार्यालय वडा कार्यालय तथा विषय गत शाखा एकाईको सेवा प्रवाहलाई सुचना प्रविधि मैत्रि बनाइनेछ ।
- संघीय निजामती सेवा ऐन र प्रदेश निजामती सेवा ऐन लागु हुनासाथ स्थानीय सेवा ऐन तर्जुमा गरी कार्यान्वयनमा लिइनेछ ।



Generated by CamScanner from intsig.com

- कोभिड(१९को कारण व्यापार तथा सेवा क्षेत्रमा पर्न गएको नकारात्मक असरबाट राहत प्रदान गर्न व्यवसाय कर घर बहाल कर जस्ता करका क्षेत्रमा परेको असरको मूल्याकन गरी सहुलियत प्रदान गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ ।
- आर्थिक क्रियापलापमा आएको सङ्कुचनसंगै स्थानीय तहको आन्तरिक आय अन्तर सरकारी वित्तीय हस्तान्तरण राजश्व वाडफाड तथा रोयल्टी रकममा आउन सक्ने कमीलाई ध्यानमा राखी उपयुक्त आकारको बजेट तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- कर तथा गैर कर राजश्वमा पर्न सक्ने असरलाई आकलन गरी आन्तरिक आय अनुमानलाई यथार्थ परक वनाइने छ ।
- सेवा प्रवाहका लागि आवश्यक पर्ने न्युनतम प्रशासनीक खर्चको लागि वजेट विनियोजन गरी प्रशासनिक संरचनार कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्वन गरिनेछ ।
- कोभिड(१९का कारण उत्पन्न असहज परिस्थितिको सामना गर्न निजी क्षेत्र सहकारी क्षेत्र सामाजिक क्षेत्रसंगको समन्वय र सहकार्यलाइ अझ बढी प्रभावकारी बनाउने नीति अख्तियार गरिनेछ ।
- आर्थिक अनुशासन भ्रष्टाचार नियन्त्रणका लागि शुन्य सहनशिलताको नीति लिइनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको लागि आचारसंहिता निर्माण गरी कडाइका साथ लागु गरिनेछ।
- कार्य दक्षता प्रभावकारीता र मितव्ययीतालाई ध्यान दिइ उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गरिनेछ ।
- पेशा गत आचरणहरु पालनामा कडाइ गरिनेछ ।
- सुशासन प्रवर्द्धन माध्यम दिइनेछ ।
- सार्वजनिक सरोकारका कार्यहरुमा पारदर्शिता र जवाफदेहिता प्रवर्दन गरिनेछ ।
- वडा कार्यालयहरु विषयगत शाखाहरुर नगरकार्यपालिकाको कार्यालय बीच प्रभावकारी समन्वयनको व्यवस्था गरिनेछ ।
- सार्वजनिक खरिदलाई थप पारदर्शी बनाउन विद्युतीय खरिद प्रकृयालाई अनिवार्य अवलम्वन गरिनेछ ।
- नगर कार्यपालिकाको कार्यालय र मुख्य बजार क्षेत्रमा सि.सि.टिभि. जडान गरिनेछ ।
- कार्यालयहरुमा अभिलेख व्यवस्थापन प्रभावकारी वनाइनेछ ।
- नगर पालिकाका शाखाहरुलाई सुविधा सम्पन्न बनाइदै लगिनेछ ।
- सार्वजनिक सेवा प्रवाहमा टोक्कन प्रणाली लागु गरिनेछ ।



Generated by CamScanner from intsig.com

गरिवी न्युनिकरण तथा विकासका पूर्वाधार निर्माण र उत्पादमा रोजगारी सिर्जना सम्वन्धी नीति

- शैल्यशिखर नगरपालिका रोजगार सेवा केन्द्र संचालन तथा व्यवस्थापनमा आवश्यक स्रोतसाधन सहित थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ ।
- शैल्यशिखर नगरपालिका रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाइ न्युनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु संचालन गर्न श्रम मुलक प्रविधिको प्रयोग गरिने छ । साथै श्रम मुलक प्रविधिकमा काम गर्ने श्रमिकहरु छनौट गर्दा रोजगार सेवा केन्द्रमा सुचिकृत भएका बेरोजगार मध्ये गरिविको रेखामुनी रहेका लक्षित वर्गका अति विपन्न व्यक्तिहरुलाइ, बेरोजगार व्यक्तिको परिवारका सदस्यहरु मध्ये कुनै एक सदस्य आन्तरिक तथा बाह्य रोजगारीमा नभएको, सरकारले तोकिएको न्युनतम बार्षिक आम्दानी भन्दा कम आय स्रोत भएको,शहिदपरिवार,एकलमहिला, पुर्ण अशक्त र अति अशक्त अपाङ्ग परिवार सदस्य भए त्यस्ता बेरोजगार व्यक्तिलाई पहिलो प्राथमिकतामा राखि सामाजिक संरक्षणको प्रत्याभूति गराइनेछ ।
- शैल्यशिखर नगरपालिका नियमित विकासका आयोजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारलाई कम्तिमा २५५ श्रमिकलाई रोजगारीमा दिन मेयर रोजगार अभियान कार्यन्वयन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।
- नगरपालिका भित्रका वेरोजगार युवाहरुलाइ रोजगारीदिन नगरप्रमुख रोजगार कार्यक्रम संचालन गरिनेछ ।
- बैदेशिक रोजगारीबाट फर्किएका नागरिकालाई रोजगार सेवा केन्द्रमा सुचिकृत हुने अवसर दिइ न्युनतम रोजगारीमा सहभागि हुने अवसर दिईनेछ ।
- प्रधानमन्त्रि रोजगार कार्यक्रमबाट आन्तरिक रोजगारी सिर्जना गर्न सरकारी, निजि, सहकारी तथा गैह्र सरकारी क्षेत्रसँग समन्वय र सह कार्यमा जोड दिइनेछ ।
- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना( संचालन तथा व्यवस्थापन) कार्यविधि २०७६ र युवारोजगारीका लागि रुपान्तरण पहल आयोजना कार्यविधि २०७६ लाइ प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- संघ र प्रदेश सरकारले ल्याएका रोजगार मुलक कार्यमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारिको प्रवर्धन गर्न रोजगार सेवा केन्द्रमा सुचिकृत भएका बेरोजगार व्यक्तिलाइ आवश्यक सिप मुलक तालिमको पहिचान गरि बेरोजगार व्यक्तिलाइ तालिम दिइनेछ ।
- संघ र प्रदेशबाट संचालिक विकासका पुर्वाधारमा आवश्यक पर्ने श्रमिकहरु रोजगार सेवा केन्द्रबाट माग गरी कामका लगाउने व्यवस्था प्रभावकारी कार्यन्वयन गरिनेछ ।
- रोजगार सेवा केन्द्रमा सुचिकृत भएका युवा तथा शैक्षिक बेरोजगारलाइ प्राथमिकतामा राखि स्वरोजगार मुलक कार्यमा संलग्न हुने युवा उद्यमीलाई सम्मान सहित प्रोत्साहित गरिनेछ ।
- कामको सम्मान,स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन यस नगरपालिकको निति हुनेछ ।



Generated by CamScanner from intsig.com

- विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सिपको विवरण समेत रोजगार सेवा केन्द्रमा सुचना अधावधिक गरि त्यस्तो जनशक्तिलाई शैल्यशिखर नगरपालिका भित्र उपलब्ध हुने निर्माण सेवा,व्यवसाय,उधोग,कृषि लगाएतका क्षेत्रमा रोजगार दातासँग समन्वय गरि रोजगरी प्रदान गर्न सहजिकरण गर्ने व्यवस्था मिलाईनेछ ।
- आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरु छनौटमा प्राथमिकता दिईने छ ।

अन्तमा यस नगरपालिकाको हित र समृद्धिका लागि अख्तियार गरेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बन्द्ध सबै पक्षहरुको साथ सहयोग सूझाव सल्लाह र सक्रिय सहभागिताको अपेक्षा गर्दै आ.व.२०७७/२०७८ को यो नीति तथा कार्यक्रम स्वीकृतिका लागी टेवुल गर्न अनुरोध गर्दछु ।

अन्त्यमा , शैल्यशिखर नगरपालिकाको यस गरिमामय आठौं नगरसभामा "स्वरोजगार र श्रम पहिचान, समृद्ध शैल्यशिखर निर्माणको अभियान" ले यस नगरपालिकाको दीर्घकालीन सोचलाई झनै टेवा पुग्नेमा बिश्वस्त छु । उपस्थित महानुभावहरु परिवर्तित राज्य व्यवस्था अन्तरगत नेपालको संविधानले श्रृजित अधिकारहरु र तिनको कुशल कार्यान्वयन अभ्यास मार्फत समृद्ध शैल्यशिखर निर्माणका लागि अवसर युक्त र कोरोना रोगका महामारी बिरुद्धको लडाई जित्नु पर्ने चुनौतिपूर्ण घडिमा शैल्यशिखर नगरपालिकालाई नमुना स्थानीय तहको रुपमा स्थापित गर्न यहाँहरु सबैको निरन्तर सकारात्मक सहयोगको अपेक्षा गर्दछु । साथै स्थानीय सरकार संचालन, निर्माण र आर्थिक, सामाजिक, भौतिक तथा मानवीय विकासका विविध पक्षहरुमा योगदान पुऱ्याउनु हुने शैल्यशिखर नगरपालिकाका राजनीतिक दलहरु, समाज सेवी, बुद्धिजीवी, गैह्र सरकारी क्षेत्र, संचार जगत, राष्ट्र सेवक कर्मचारीहरु, यस नगरपालिका नगरवासी जनसमुदायहरु लगायत सम्पुर्ण शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद**



Generated by CamScanner from intsig.com